प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गोदावरी, कैलाली

# डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७५।०८।१२ गतेको निर्णयबाट स्वीकृत

# डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

<ins>प्रस्तावनाः</ins> प्रदेश सरकारको आर्थिक वर्ष २०७५।७६को नीति तथा कार्यक्रमको बुँदा नं. २७ मा उत्पादन र उत्पादकत्वमा आधारित व्यवसायिक पशुपालन एवं मासु, माछा, अण्डा, दुग्धजन्य पदार्थ, छाला तथा प्वाँखको प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने नीति, आर्थिक वर्ष २०७५।७६मा पशुपन्छीतर्फ विनियोजित वजेटको वजेट शिर्षक नं.७०७३५३५१ खर्च शिर्षक नं. २२५२२ मा सार्वजनिक निजी साझेदारी (पि.पि.पि.) डेरी उद्योग वा पसल र मासुपसल सुधार कार्यक्रम लक्ष्य रहेको हुँदा उक्त कार्यक्रम संचालन गर्नको लागि मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, सफा, स्वस्थ एवं गुणस्तरीय पशु तथा पशुजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहजरुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि मन्त्रालयबाट संचालन हुने डेरी तथा मासु पसल सुधार कार्यक्रम सार्वजनिक निजी साझेदारीको आधारमा निश्चित विधि र प्रकृया अन्तरगत एकरुपता कायम राखी संचालन हुन सकोस भन्ने अभिप्रायले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रतिवद्धता अनुरुप प्रदेश सरकार (मन्त्रिपरिषद) बाट " डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५" स्विकृत गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भ

१. <ins>संक्षिप्त नाम र प्रारम्भ</ins> :(१) यस कार्याविधिको नाम "डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" हुनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <ins>परिभाषाः</ins> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(ख) "गैर सरकारी क्षेत्र" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको सम्वन्धित निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह वा समिति वा सहकारी वा संस्था वा सामुदायिक संस्था वा व्यावसायिक संगठन वा फर्म वा कम्पनी एवं निजि उद्यमी समेतलाई जनाउँदछ।

(ग) "डेरी पसल" भन्नाले उपभोक्तालाई स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दुध तथा दुधजन्य पदार्थ उत्पादन विक्रि वितरण गर्ने उद्देश्यले यस कार्यविधि बमोजिम निर्माण वा सुधार गरिएको दुध वा दुधजन्य पदार्थ बिक्रि स्थल सम्झनु पर्दछ।

(घ) "द्विपक्षिय वा वहुपक्षिय सम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका विच साझेदारीमा कार्यक्रम सम्पन्न गर्नका लागि गरिएको सम्झौता सम्झनु पर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल सम्झनु पर्दछ ।

(च) "प्रस्ताव" भन्नाले साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्दछ ।

(छ) "महाशाखा" भन्नाले मन्त्रालयको पशुपन्छी विकास महाशाखा सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ ।

(झ) "मासु पसल" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु विक्रि वितरण गर्ने हेतुले प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको मासु बिक्रि स्थल सम्झनु पर्दछ ।

(ञ) "मूल्याङ्कन समिति" भन्नाले सम्वन्धित कार्यक्रमको प्रस्ताव छनौट, कार्यान्वयन र अनुगमन, मूल्याङ्कनका लागि दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई बुझनुपर्छ ।

(ट) "सहकारी" भन्नाले नेपाल सरकारको सहकारी ऐन २०७४ अनुसार गठित सहकारी संस्थालाई बुझ्नु पर्दछ।

(ठ) "साझेदार" भन्नाले सार्वजनिक निजी साझेदारी कार्यक्रम लागत सहभागितामा संचालन गर्नका लागि ईच्छुक स्थानिय तह, सहकारी संघ संस्था वा निजि क्षेत्र समेतलाई जनाउदछ ।

सचिव

(ड) "साझेदारी" भन्नाले साझेदारी कार्यक्रम संचालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सरकारी एवं गैहसरकारी क्षेत्र बीच द्विपक्षिय वा बहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ।

३. उद्देश्य :(१) यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन :

(क) मन्त्रालयको प्रतिवद्धता अनुरुप पशुपन्छीजन्य पदार्थको व्यवसाय प्रवर्द्धन गर्ने।

(ख) प्रदेश सरकारको पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ग) पशुपंन्छी वजार प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तरगत एकरुपता कायम राखी संचालन गर्ने।

(घ) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र विक्रि वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाऊ पुऱ्याउने ।

(ङ) पशु उत्पादन पकेटहरुलाई बजारसंगको आवद्धता प्रदान गर्दै जिवित पशुपंन्छी तथा पशुपंन्छीजन्य उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने ।

(च) वजार सञ्जालको विकास एवं व्यवस्थित वजार सूचना प्रणालीको विकास गर्ने ।

(छ) पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(ज) पशुपंन्छी तथा पशुपन्छीजन्य पदार्थको सहज आपूर्ति सुनिश्तित गर्न आपूर्ति स्थिति अनुगमन गर्ने ।

(झ) पशुपंन्छी तथा पशुपन्छीजन्य पदार्थको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

## परिच्छेद – २
## साझेदारी सम्वन्धि

४. साझेदारी सम्बन्धि व्यवस्था : (१) सम्वन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम वजेट र अख्तियारी बमोजिम निम्न बमोजिमका कार्यक्रमहरु संचालन गर्नका लागि साझेदारी गर्न गराउन सक्नेछ ।

| क.सं. | कार्यक्रम | सम्भावित साझेदारहरु | अधिकतम साझेदारी रकम रु. |
|---|---|---|---|
| १ | डेरी पसल सुधार | दुग्ध उत्पादक सहकारी संस्था, डेरी उद्योग, कृषक समुह वा समिति, व्यवसायी फर्म, कम्पनी, निजि उद्यमी | स्विकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |
| २ | मासु पसल सुधार | स्थानिय तह, मासु व्यवसायी संघ वा समिति, कृषक समुह वा समिति, मासु उद्यमी वा व्यापारी | स्विकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |

(२) साझेदारी कार्यक्रममा सम्बन्धित कार्यालयले कुनै निश्चित कार्यक्रम संचालन गर्नका लागि प्रदान गर्ने अनुदान रकमलाई कुल लागतको पचहत्तर प्रतिशत मानी बाँकी पच्चिस प्रतिशत रकम सम्वन्धित साझेदारले आफ्नो आन्तरिक श्रोतबाट लगानी गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ । साथै जग्गाको मूल्याङ्कनलाई साझेदारी रकममा संलग्न गर्न पाईने छैन ।

(३) साझेदारी कार्यक्रममा प्रस्ताव छनौट गर्दा सरकारी निकायहरुबाट विगत दुई वर्ष भित्र अनुदान प्राप्त गरी सन्तोषजनक कार्य नभएका साझेदारहरुलाई व्यवसाय संचालनका लागि छनौट गरिने छैन ।

(४) एक पटक अनुदान प्राप्त गरेको व्यवसायिलाई कम्तिमा अनुदान कार्यक्रमतर्फ पाँच वर्ष अनिवार्य व्यवसाय अवधि तोकिनेछ ।

(५) अनुदानको सदुपयोग भए नभएको निरिक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

सचिव

## परिच्छेद ३
## प्रस्ताव आव्हान

५. **प्रस्ताव आव्हान र पेश गर्ने विधि** : (१) यस साझेदारी कार्यक्रमको लागि देहाय बमोजिम प्रस्ताव आव्हान र पेश गर्ने विधि रहनेछन् ।

(क) सम्वन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम अनुसार २१ दिने सार्वजनिक सूचना प्रकाशन गरी साझेदारीमा संचालन हुने कार्यक्रमका लागि अनुसूची १ बमोजिम प्रदेशस्तर तथा स्थानियस्तरको पत्रिकामा प्रस्ताव आव्हान गरी सूचना पाटीमा अनिवार्य रुपले टाँस गरेर प्रकाशित गरिनेछ ।

(ख) ईच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र अनुसूचि २, अनुसूचि ३, अनुसूची ४, सम्वन्धि कागजातहरु र अनुसूची ५ बमोजिमको निवेदन सहित निर्धारित समय सिमा भित्र सम्वन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

६. **म्याद थप सम्वन्धी व्यवस्था** : सम्वन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु तोकिएको समयमा कुनै पनि कारणवश वार्षिक लक्ष पुग्ने गरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा कार्यालयले कार्यक्रमको लागि म्याद थपको सूचना प्रकाशन गर्न सक्नेछ ।

७. **मूल्याङ्कन तथा छनौट समिति** : (१) सम्वन्धित कार्यालयले दफा ५ खण्ड (ख) बमोजिम पेश हुन आएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौट गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्नेछ ।

| | |
|---|---|
| (क) भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख | संयोजक |
| (ख) पशुपन्छी विकास महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको प्रमुखले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) सम्वन्धि कार्यालयको आर्थिक प्रशासन हेर्ने १ जना प्रतिनिधि | सदस्य |
| (ङ) भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यक्रम हेर्ने फोकल अधिकृत | सदस्य-सचिव |

(२) उपदफा १ बमोजिम गठन भएको समितिले मूल्याँङ्कन गर्नु भन्दा अगाडी आवेदकबाट पेश भएका प्रस्तावहरुको अनुसूचि ७ बमोजिमको स्थलगत अनुगमन गर्नको लागि सम्वन्धित बिषयको प्राविधिक कर्मचारी खटाई निजले पेश गरेको प्रतिवेदनको आधारमा अनुसूचि ६ बमोजिम मूल्याँङ्कन गरि छनौट गरिनेछ ।

(३) यसरी छनौट र अनुमोदन हुन सफल भएका आवेदकहरुलाई सूचना प्रकाशन गरी १५ दिन भित्र द्विपक्षिय सम्झौताका लागि बोलाईनेछ।

८. **द्विपक्षिय सम्झौता** : (१) सम्वन्धित कार्यालयले दफा ७ को उपदफा (२) बमोजिम छनौट भएका आवेदकहरुसंग साझेदारी कार्यक्रम संचालन गर्न प्रथम पक्षको आधिकारिक प्रतिनिधिको रुपमा सम्वन्धित साझेदारसंग अनुसूचि ८ बमोजिमको द्विपक्षिय सम्झौता गर्नेछ ।

(२) द्विपक्षिय सम्झौतामा उल्लेखित बुँदाहरुलाई साझेदारी कार्यक्रम संचालनको मूल आधार मानिनेछ ।

९. **भूक्तानी प्रकृया** : सामान्यतया अनुदान रकमको भूक्तानी कार्य सम्पादनको प्रगतिको आधारमा दुई बरावर किस्तामा सम्वन्धित साझेदारको बैंक खातामा दिईनेछ ।

सचिव

## परिच्छेद ४
## डेरी पसल सुधार

१०. **डेरी पसल निर्माण वा सुधार कार्यक्रम :** (१) दुग्ध उत्पादक सहकारी संघ वा संस्था, कृषक समुह वा समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजि उद्यमीहरुसंगको लागत साझेदारीमा डेरी पसल निर्माण वा सुधारको कार्यक्रम संचालन गरिनेछ ।

(२) डेरी पसल निर्माण वा सुधार कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछन ।

(क) डेरी पसल निर्माण वा सुधार कार्यक्रम सकभर उपमहानगरपालिका, नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

(ख) डेरी पसल निर्माण वा सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० लिटर दुध वा सो बराबरको दुग्धजन्य परिकार बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ ।

(ग) डेरी पसल निर्माण वा सुधार कार्यक्रम अन्तरगत सम्वन्धित कार्यालयबाट प्रदान गरिने रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ।

१. बिक्रि कक्ष निर्माण, टायल वा मार्वल फिटिङ्ग सिटिङ्ग, एरेन्जमेन्टबोर्ड वा ब्यानर आदि ।

२. मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।

३. मिल्क डिस्पेन्सर खरिद ।

४. डेरी पसलको सजावट र फोहर व्यवस्थापन आदि ।

(घ) सुधारिएको डेरी पसल देहायको मापदण्ड अनुसारको हुनु पर्नेछ । अन्यथा सम्वन्धित कार्यालय अनुदान रकम भूक्तानी दिन बाध्य हुने छैन ।

१. ठूलो पसलको क्षेत्रफल न्यूनतम १२ फिट चौडाई र २० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई १२ फिट र चौडाई १० फिट भएको ।

२. पसलको ऊँचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।

३. भित्ता पक्का खालको र भित्ताको भित्री भागमा ६ फिट ऊँचाई सम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथि सेतो रङ्ग लगाएको ।

४. बिक्रि कक्षको भूँई नचिप्लिने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको, टायल वा मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको ।

५. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहर व्यवस्थापनको प्रवन्ध भएको।

६. डेरी पसलमा प्रयोग गरिने औजार वा उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको।

७. डेरी पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव लगाएको ।

८. डेरी पसलमा झिङ्गा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोकाको व्यवस्था भएको।

९. डेरी पसलमा डिपफ्रिज वा चिलरको व्यवस्था भएको ।

(ङ) यस कार्यक्रम अन्तरगत निर्माण वा सुधार गर्न प्रस्तावित डेरी पसल स्थानिय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण भएको हुनु पर्नेछ ।

सचिव

## परिच्छेद ५

## मासु पसल सुधार

१०. मासु पसल निर्माण वा सुधार कार्यक्रम :(१) स्थानिय तह, मासु व्यवसायी संघ वा समिति, कृषक समुह वा समिति, मासु उद्यमी वा व्यापारीहरुसंगको लागत साझेदारीमा मासु पसल निर्माण वा सुधारको कार्यक्रम संचालन गरिनेछ।

(क) सम्वन्धित कार्यालयले मासु पसल निर्माण वा सुधार कार्यक्रम संचालन गर्नका लागि बार्षिक स्वीकृत कार्यक्रम वजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६, ७, ८ र ९ बमोजिम प्रस्ताव आह्वान, छनौट, सम्झौता र भूक्तानीका प्रकृया प्रकृयाहरु अवलम्वन गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन गर्दा मासुको कारोवारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानिय तह, मासु व्यवसायी संघ वा समिति, मासु उद्यमी वा व्यापारीहरुले प्राथमिकता पाउनेछन्।

(ग) कार्यक्रम सकभर उपमहानगरपालिका, नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

(घ) निर्माण वा सुधार गरिएको मासु पसल स्थानिय वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(ङ) सम्वन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यको लागि खर्च गर्न सकिनेछ ।

१. स्वच्छ पानीको व्यवस्था (ओभरहेड ट्याङ्की स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि।)
२. मासु पसलको कोठा बनाउने, भित्ता र भूँईमा टायल लगाउने वा विछ्याउने ।
३. पशुवस्तु वध गर्दा निस्कने फोहर व्यवस्थापन ।
४. शौचालय र वासिङ्ग वेसिन निर्माण वा सुधार ।
५. पशुको जातअनुसारको मासु अलग अलग राखी बेच्नका लागि शिशाको पार्टिशन ।
६. अगाडिको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण वा सुधार ।
७. पशुवस्तु काट्ने, भुत्ल्याउने र सफा गर्ने स्थान निर्माण ।
८. ताजा मासु राख्ने डिफफ्रिज, फ्रिज आदीको व्यवस्था ।
९. उपकरण खरिद जस्तै : मासु झुन्ड्याउने हुक, स्टेनलेस स्टील टेवुल, चपिङ्ग टेवुल, चक्कुहरु, तराजु, अचानो आदि।

(च) सुधारिएको मासु पसल देहायको मापदण्ड अनुसारको हुनु पर्नेछ ।अन्यथा सम्वन्धित कार्यालयले अनुदान रकम भूक्तानी दिन बाध्य हुने छैन ।

१. ठूलो आकारको मासु पसलको क्षेत्रफल न्यूनतम १२ फिट चौडाई र २० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई १२ फिट र चौडाई १० फिट भएको ।
२. पसलको ऊँचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।
३. भित्ताको भित्री भागमा ६ फिट ऊँचाईसम्म सेतो रंङ्गको टायल लगाई त्यस भन्दा माथि सेतो रंङ्ग लगाएको।
४. भूँई नचिप्लिने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल वा मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको ।
५. मासु पसलमा सफा पानीको मात्र प्रयोग गर्ने गरिएको ।
६. मासु पसल हावादार र विजुलीको सुविधा भएमा ट्यूवलाईटको प्रयोग भएको ।
७. मासु काट्ने औजार वा उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले वनेको ।
८. मासु राख्ने कोठामा सूर्यको प्रकाश सिधै नपर्ने ।
९. मासु टुक्र्याउने अचानो सफा र प्रयोग नभएका बखत छोपेर राखिएको ।
१०. मासु पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमवुट, मास्क र ग्लोव लगाएको ।
११. पसलमा झिंगा वा अवाञ्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोका लगाएको ।

सचिव५

(छ) सुधारिएको मासु पसलको सामान्य स्वरुप स्थान विशेष आवश्यकता मुताविक सम्वन्धित कार्यालयको परामर्श बमोजिम हुनुपर्नेछ।

परिच्छेद ६

विविध

११. **अनुगमन तथा मूल्याङ्कन :** (१) मन्त्रालय वा निर्देशनालय वा कार्यालयबाट नियमित अनुगमन गरि लिखित प्रतिवेदन समेत पेश गरिनेछ ।

१२. **कार्वाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

१३. **प्रचलित कानुन लागु हुने :** युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१४. **कार्यविधि संशोधन तथा परिमार्जन :** प्रदेश सरकार, मन्त्रिपरिषदबाट यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सकिनेछ।

सचिव

अनुसूचि १
दफा ५ खण्ड (क) संग सम्वन्धित

प्रदेश सरकार

सुदुर पश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

............................

प्रस्ताव आव्हानको सूचना

प्रकाशित मिति २०..../..../....

यस कार्यालयको आ.व. २०.../.....को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५ बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक उपमहानगरपालिका, नगरपालिका, गाउपालिका, सहकारी संस्था, व्यवसायिक संघ वा संगठन, फर्म, कम्पनी, निजी उद्यमी, कृषक समूह वा समितिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं. | कार्यक्रम | संख्या | अधिकतम साझेदारी रकम |
|---|---|---|---|
| १ | डेरी पसल सुधार | | स्विकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |
| २ | मासु पसल सुधार | | स्विकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |

१. सहकार्यको लागि रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन ।
२. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. अनुसूचि २ बमोजिम तोकेको ढाँचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव ।
४. अनुसूचि ४ अनुसार सम्वन्धित स्थानिय तह वा पशु सेवा शाखाको सिफारिस ।
५. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।
६. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।
७. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था वा फर्म वा व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि।
८. सहकारी संस्था, व्यावसायिक संस्था, फर्म, कम्पनी, कृषक समुह, समितिको हकमा मूल्य अभिवृद्धि कर (भ्याट) वा स्थायि लेखा नम्वर (पान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्य समितिको निर्णय ।
९. कार्यक्रम संचालन वर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
१०. प्रस्तावकले कम्तीमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए वा नलिएको प्रतिवद्धता पत्र।

प्रस्तावपत्र र संक्षिप्त व्यावसायिक कार्य योजनाको ढाँचा तथा कार्यन्वयन कार्यविधिहरु मन्त्रालय, निर्देशनालय वा कार्यालयको वेव साईट........................बाट डाउनलोड गर्न सकिनेछ ।अन्य थप जानकारीको लागि फोन नं..................मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सचिव

अनुसूचि २

दफा ५ खण्ड (ख) सँग सम्बन्धित

प्रस्ताव पत्रको नमूना

## साझेदारी कार्यक्रम संचालन सम्वन्धि प्रस्ताव पत्र

### क) प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं./ मोवाईल नम्वर | |
| ६ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसाय दर्ता नम्वर | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको उमेर(दर्ता वा स्थापना पश्चातको अवधिमा संचालन वर्ष) | |
| ९ | भ्याट/पान दर्ता नम्वर | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने लागत रु. | |
| १२ | सम्वन्धित कार्यालय संग माग लागत रु. | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| १३.१ | | |
| १३.२ | | |
| १३.३ | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | |

| | | | | |
|---|---|---|---|---|
| १४.१ | सडक सुविधा (छ / छैन) | | नजिकको वजारको नाम | |
| १४.२ | कस्तो सडक छ (कच्चि / पक्कि) | | वजार सम्मको दुरी (कि.मि.) | |
| १४.३ | बिजुलीको सुविधा (छ / छैन) | | सदरमुकाम देखिको दुरी (कि.मि.) | |
| १४.४ | खानेपानीको सुविधा (छ / छैन) | | जग्गाको स्वामित्व (आफ्नै/ लिज) | |

१४.५ आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन, यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्ने

| क.सं. | विवरण | ईकाइ | अवस्था |
|---|---|---|---|
| | | | |

| | | महिला | जनजाति | दलित | अन्य |
|---|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | | | | |

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापको विवरण |
| १७.१ | |
| १७.२ | |
| १७.३ | |

१८ कृयाकलाप कार्यान्वयन योजना

| सि.नं. | कृयाकलाप | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | अशार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

१९ कार्य समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु(बुँदागत रुपमा सम्भव भए सम्म खुलाउने)

| | | | |
|---|---|---|---|
| १९.१ | | | |
| १९.२ | | | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम समेत खुलाउने | | |
| | सि.नं. | सहकार्य गर्ने निकाय | सहकार्य रकम रु. |
| | | | |
| | | | |
| २१ | प्रस्तावकको विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्ताविक कार्य संग मेल खाने मात्र) | | |
| २१.१ | | | |
| २१.२ | | | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रु. | | |
| २३ | प्रस्ताविक कार्यक्रम सम्वन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) | | |
| २३.१ | | | |
| २३.२ | | | |
| २४ | आवेदकसंग विद्यमान जनशक्ति विवरण | | |
| | सि.नं. | जनशक्तिको विवरण | दक्षता (शैक्षिक योग्यता / तालिम) |
| | | | |
| | | | |
| २५ | संचालित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकरात्मक असर | | |
| २५.१ | | | |
| २५.२ | | | |
| २६ | वातावरणिय असर न्यूनिकरणका लागि अपनाईने उपायहरु | | |
| २६.१ | | | |
| २६.२ | | | |
| २७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) | | |

ख) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क्र.सं. | मुख्य क्रियाकलापहरु | ईकाइ | परिमाण | प्रति ईकाइ दर रु. | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | माग गरिएको अनुदान रकम रु. | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | | | | जम्मा रु. | | | | |
| | | | | भ्याट रु. | | | | |
| | | | | कुल जम्मा रु. | | | | |

माथि उल्लेखित सम्पुर्ण विवरणहरु सही रुपमा पेश गरेको छु, कहिकतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउदछु/छौं ।

प्रस्ताव आवेदकको

| | |
|---|---|
| नाम: | |
| पद: | |
| हस्ताक्षर: | |
| मिति: | |
| कार्यालय/संस्था/फर्म/समुह/समितिको छाप : | |

नोट : आवश्यक्ता अनुसार लाईन थप गर्न वा पेज सेटअफ मिलाउन सकिनेछ ।

सचिव

अनुसूचि ३

दफा ५(ख) सँग सम्बन्धित

लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र

श्री भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .............को मिति...............................मा प्रकाशित सूचना अनुसार...............................उ.म.न.पा./न.पा./गा.पा. वडा नं.......गाउ/टोल बस्ने श्री.....................................ले लागत साझेदारीमा.........................................कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु......................को.........प्रतिशतले हुन आउने रु.............................अक्षरेपी......................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत :

नाम :

मिति :

सचिव

अनुसूचि ४

दफा ५(ख) संग सम्वन्धित

सम्वन्धित निकायको सिफारिस पत्र

...ॉ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .............को मिति...............................मा प्रकाशित सूचना ...नुसार................................उ.म.न.पा./न.पा./गा.पा. वडा नं........गाउ/टोल बस्ने श्री..................................... ...को रहेको र निज उक्त कार्यक्रम संचालनका लागि उपयूक्त भएकोले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन ...फारिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखत :

नाम :

मिति :

सचिव

अनुसूचि-५
दफा ५(ख) संग सम्वन्धित
निवेदनको ढाँचा

श्री................................
................................
........................

बिषय : प्रस्ताव पेश गरिएको बारे ।

तहाँ कार्यालयको मिति.................................मा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा संचालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु।

निवेदकको
दस्तखत :
नाम :
मिति :

तपसिल:
प्रस्तावकको नामथर :
स्थायी ठेगाना :
प्रस्तावित कार्यक्रमको नाम :
कार्यालय संचालन हुने स्थानको पूरा ठेगाना :
संलग्न कागजातको सूची :

| क्र.सं. | संलग्न कागजात | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

सचिव

अनुसूचि ६

दफा ७ उपदफा (२) संग सम्वन्धित

प्रस्तावको मूल्याँकन

| क.सं. | मूल्याङ्कनका आधार | भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | आवेदक सम्वन्धि | | |
| १.१ | **संस्था वा फर्म सञ्चालन भएको अवधि** | **१५** | |
| १.१.१ | १देखि ३ वर्ष सम्म | १ | |
| १.१.२ | ३ देखि ६ वर्ष सम्म | २ | |
| १.१.३ | ६ देखि ९ वर्ष सम्म | ३ | |
| १.१.४ | ९ देखि १२ वर्ष सम्म | ४ | |
| १.१.५ | १२ वर्ष भन्दा बढी | ५ | |
| १.२ | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | **१५** | |
| १.२.१ | पूर्वाधारको अवस्था | ३ | |
| १.२.२ | सडक सुविधा भएको | ३ | |
| १.२.३ | विजुलीको सुविधा भएको | ३ | |
| १.२.४ | खानेपानीको सुविधा भएको | ३ | |
| १.२.५ | जग्गाको स्वामित्व आफ्नै भएको | ३ | |
| १.३ | **प्राविधिक दक्षता/ सम्वन्धि बिषयको तालिम (संस्थाको हकमा स्थायि कामदारको)** | **१५** | |
| १.३.१ | ७ दिन सम्मको तालिम | १ | |
| १.३.२ | ७ देखि १५ दिने सम्मको तालिम | २ | |
| १.३.३ | ३० दिन अवधि सम्मको तालिम | ३ | |
| १.३.४ | ३ महिना सम्मको तालिम | ४ | |
| १.३.५ | ३ महिना भन्दा बढि अवधिको तालिम | ५ | |
| १.४ | **वित्तिय क्षमता** | **४** | |
| १.४.१ | साझेदारीको प्रतिवद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकाय बाट पनि साझेदारी हुने प्रतिवद्धता भएको | २ | |
| १.५ | **प्रत्यक्ष लाभान्वित संख्या** | **१५** | |
| १.५.१ | ५ जना सम्म | १ | |
| १.५.२ | ६ देखि १० जना सम्म | २ | |
| १.५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| १.५.४ | १६ देखि २० जना सम्म | ४ | |
| १.५.५ | २१ भन्दा बढी | ५ | |
| १.६ | **वातावरणिय उपयूक्तता** | **४** | |
| १.६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आँकलन गरिएको | २ | |
| १.६.२ | वातावरणिय प्रभाव न्यूनिकरणका उपाय सामेल गरिएको | २ | |
| १.७ | **अन्य पक्षहरु** | **६** | |
| १.७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | २ | |
| १.७.२ | संस्थाको अवस्थिति र प्रस्तावित कार्यक्रम संचालन स्थल विचको तादात्म्यता | २ | |
| १.७.३ | भैरहेको व्यवसाय नभै लगानी गर्न खोजिएको सम्वन्धित नयाँ व्यवसाय | २ | |
| १.८ | **स्वीकृति कार्यविधि अनुसार थप आधार** | **२६** | |
| १.८.१ | आवेदक संस्थाको किसिम र सूचना मुताविक सम्वन्धित कार्यालयको प्राथमिकता | २ | |
| १.८.२ | **प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर** | ८ | |
| १.८.२.१ | आर्थिक प्रस्तावको गुणस्तर | ४ | |
| १.८.२.२ | प्राविधिक प्रस्तावको गुणस्तर | ४ | |
| १.८.३ | **व्यावसायिक कार्ययोजना स्पष्टता** | ५ | |
| १.८.४ | **पेश भएका विवरणको विश्वासनियता** | ११ | |
| १.८.४.१ | सम्वन्धित स्थानिय पशु सेवा शाखाको सिफारिस | २ | |
| १.८.४.२ | स्थानिय तहको सिफारिस | २ | |
| १.८.४.३ | स्थानिय वासिन्दावाट विरोध नहुने प्रतिवद्धता | १ | |
| १.८.४.४ | लेखा परिक्षण प्रतिवेदन/कर चुक्ता प्रमाण | १ | |
| १.८.४.५ | आधिकारिक निकायमा दर्ता नविकरण | ५ | |
| | जम्मा | १०० | |
| | | | |

सचिव

अनुसूचि ७

दफा ७ उपदफा (२) संग सम्वन्धित

स्थल प्रमाणिकरण मूल्याँकन फाराम

क) सामान्य जानकारी :

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्रम संचालन स्थलको ठेगाना :

४. प्रस्तावित कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण :

| सि.नं. | पदाधिकारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ख) आवेदकको मूल्याङ्कन :

| सि.नं. | विवरण | प्रमाणिकरणमा भेटिएको अवस्था |
|---|---|---|
| १ | **भौतिक क्षमता** | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्व छ/छैन | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त छ/छैन | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ/छैन | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ/छैन | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयूक्त छ/छैन | |
| २ | **प्राविधिक क्षमता** | |
| २.१ | प्रस्तावित कार्यक्रम संग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | |
| २.३ | आवेदक सम्वन्धित बिषयको तालिम/अनुभव प्राप्त छ/छैन | |
| ३ | **वित्तिय क्षमता** | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | |
| ३.२ | बैंक मौज्दात वा हाल संचालित कारोवारको बचत छ/छैन | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | |
| ४ | **वातावरणिय उपयूक्तता** | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ/छैन | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | |
| ५ | **अन्य पक्ष** | |
| ५.१ | संस्थागत/व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | |
| ५.४ | उत्पादित वस्तुको सहज वजारिकरण हुन सक्ने अवस्था छ/छैन | |
| ६ | **स्थलगत प्रमाणिकरण टोलीको राय** | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयूक्त छ/छैन | |

सचिव

ग) आवेदक संग विद्यमान भवन, सवारी साधन, ठुला मेसिनरी र उपकरणको विवरण :

| सि.नं. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका केहि थप विवरणहरु :

ङ) स्थलगत प्रमाणिकरण टोलीको राय :

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयूक्त हुन्छ हुदैन भनि राय पेश गर्ने ।

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

स्थलगत प्रमाणिकरण टोलीको दस्तखत :

सचिव

अनुसूचि ८

दफा ८ उपदफा (१) संग सम्वन्धित

अनुदानबाट सञ्चालन गरिने कार्यक्रमको द्विपक्षिय सम्झौता पत्र

प्रदेश सरकार, सुदुर पश्चिम प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, ...............को आर्थिक वर्ष.........को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा...................कार्यक्रम संचालन गर्न श्री..........................................कार्यालय.................(यस पछि प्रथम पक्ष भनिने) र श्री.......................................................................(यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

तपसिल

१. प्रथम पक्षले........कार्यक्रमको लागि विनियोजित रकम रु.......(अक्षरेपी.....) दोश्रो पक्षलाई आर्थिक अनुदान वा सामाग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी..........जिल्ला.........उ.म.न.पा./न.पा./गा.पा................नं......वडाको.......भन्ने स्थानमा यसं आर्थिक बर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्वन्धि डिजाईन, ईस्टिमेट, सुपरभिजन र कार्य सम्पन्न प्रतिवेदन लगाएतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्य सम्पादन प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भूक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैक खातामा एकमुष्ठ भूक्तानी दिनेछ वा कार्य सम्पादन प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकमको भूक्तानी गर्नेछ ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

९. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्वन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षबाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टिमेट र दरभाउ मेसिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्ष संग स्विकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भूक्तानी दिन बाध्य हुने छैन ।

प्रथम पक्षको तर्फबाट

हस्ताक्षर :

नाम :

पद :

कार्यालय :

दोश्रो पक्षको तर्फबाट

हस्ताक्षर :

नाम :

पद :

कार्यालय :

रोहवर

हस्ताक्षर :

नाम :

पद :

कार्यालय :

कार्यालयको छाप :

हस्ताक्षर :

नाम :

पद :

कार्यालय :

कार्यालयको छाप :

ईति सम्वत्.........................साल..................महिना................गते रोज...........शुभम् ।

नोट : द्विपक्षिय सम्झौतामा आवश्यक्ता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु कार्यालयले थप गर्न सकिनेछ ।

सचिव १६